आज मिति २०८१ मंसिर १३ गते बिहिवारको दिन बिहान ९.०० बजे यस परिवर्तन गाउँपालिकामा दोस्रो कार्यकालको लागि निर्वाचित भई आए पश्चात गाउँकार्यपालिकाको एकचालिसौं बैठक गाउँपालिकाको अध्यक्ष श्री सुक बहादुर बुढामगर ज्यूको अध्यक्षतामा कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णय गरियो ।

## उपस्थिति

| क.स. | पदाधिकारीहरुको नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री सुक बहादुर बुढामगर | गा.पा.अध्यक्ष | अध्यक्ष | |
| २ | श्री कलादेवी खत्रिनी | गा.पा.उपाध्यक्ष | सदस्य | |
| ३ | श्री मैते बुढामगर | १नं.वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री हरिप्रसाद बुढामगर | २नं.वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री खिम विक्रम चन्द | ३नं.वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री मानसिं बुढा | ४नं.वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री दिल बहादुर बली | ५नं.वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री भरत कुमार बुढा | ६नं.वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री उर्मिला वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री जुनो कुमारी बुढामगर | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री फर्मिला महर | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री मोहविर वि.क | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री धमे कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री प्रेम जि.एम. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

आमन्त्रित

- श्री ललित कुमार बुढामगर-सहायक पाचौं
- श्री हरिष चन्द्र डाँगी-सहायक पाचौं(लेखा)
- श्री सरिता रोकामगर-का.स

CamScanner

## मिति २०८१।०८। १३ गते बसेका एकचालिसौ कार्यपालिका बैठकका निर्णयहरु :

प्रस्तावहरु:

१ पदस्थापना सम्वन्धमा

२ विविध सम्वन्धमा

**निर्णय नं.-१**

प्रशासन सेवा,सामान्य प्रशासन समुह छैठौं तह लोकसेवा आयोग दाङको स्थानीय तह अन्तर्गतको सिफारिस अनुसार परिवर्तन गाउँपालिकाको कार्यालयमा अधिकृत पदमा मिति २०७६।०८।२८गतेको सिफारिस अनुसार परिवर्तन गाउँपालिकाको कार्यालयमा सिफारिस भई स्थायी नियुक्ति लिई मिति २०७८।०८।२९ गते सम्म यस कार्यालयमा कामकाज गरिरहेका छैठौं अधिकृत श्री राजेश वोहरा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।०८।१९ गतेको निर्णय अनुसार दुवै स्थानीय तहको सहमतिको आधारमा मिति २०७८।०९।०४ गते देखि सिद्ध कुमाख गाउँपालिका सल्यानमा कामकाज गर्ने गरी रमाना दिइएकोले अव उप्रान्त प्रशासन सेवा,सामान्य प्रशासन समुह छैठौं तह अधिकृत पदमा कार्यरत श्री राजेश वोहरालाई कामकाज गर्न खटिएको कार्यालयमा पदस्थापना हुने गरी सिद्धकुमाख गाउँपालिका सल्यानलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.-२**

यस परिवर्तन गाउँपालिकामा आ.व.२०८१/०८२ मा वर्षादको समयमा विभिन्न स्थानमा पहिरो,हावाहुरी,चट्याङ र आगलागीबाट क्षति भएका तथा गाउँपालिका भित्रका समुदायहरुलाई क्यान्सर,मुटुको बिरामी तथा अन्य बिरामीहरुलाई आर्थिक कमजोरको कारण उपचारमा समस्या भएकाहरुलाई सहयोग स्वरुप आर्थिक सहायता उपलब्धको लागि यस गाउँपालिकामा राहत तथा आर्थिक सहयोग मांगको लागि पेस हुन आएको निवेदनहरुलाई यस गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम रु १०,०००। भन्दा कम भएको राहतलाई तोकाआदेश अनुसार र रु दश हजार भन्दा माथिको राहत रकम गाउँकार्यापालिकाको बैठकले देहायको व्यक्तिहरुलाई देहायबमोजिमको राहत तथा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क.स. | नाम थर | ठेगाना | निवेदनको किसिम | सहयोग रकम |
|---|---|---|---|---|
| १ | जितमाली वि.क. | परिवर्तन ५ रोल्पा | जितमाली वि.क.को श्रीमान अल बहादुर कामीको जीब्रोमा क्यान्सर भई भरतपुर चितवन हुदै राप्ती विज्ञान प्रतिस्थान घोराही दाङमा उपचार गर्दा गर्दै मिति २०८१।०७।०३ गते मृत्यु भएकोले उपचारमा लागेको खर्च आर्थिक कमजोरको कारण आर्थिक सहायता माग गरेकोले उपलब्ध गराइएको । | १५,०००। |
| २ | तुल बहादुर घर्तिमगर | परिवर्तन ५ रोल्पा | तुल बहादुर घर्तिमगरले लामो समयसम्म प्रेसरको औषधि सेवन गर्ने र निरन्तर रुपमा उपचार गर्दा आर्थिक खर्च लागिरहने र आर्थिक अवस्था कमजोरको कारण उपचारमा सहयोगको लागि आर्थिक सहायता माग गरेकाले उपलब्ध गराइएको | ११,००० |